कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १५९ | वि.सं. २०८१ | असोज ३ | बिहिवार | नेपाल संवत: ११४४, | असोज कृष्ण द्वितीया | Thursday 19 September. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# संविधान कार्यान्वयनको दशक यात्रा

संविधान कार्यान्वयमा आएको दशक पुग्न लाग्दा पनि देशमा किन आर्थिक समृद्धिसहितको राजनीतिक स्थायित्व कायम हुन सकेन ? संविधानको अक्षरस कार्यान्वयनमा नेपालको राजनीति किन चुकिरहेको छ ? लगायतका मुलभुत प्रश्न आम नागरिकको मानसपटलमा घुमिरहेका छन् ।

**ओम शाही**

**सुर्खेत, २ असोज ।**

नेपालको संविधान जारी भएको आजबाट नौ वर्ष पुरा भएको छ । ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासको जगमा ३ असोज २०७२ मा प्रथम राष्ट्रपति डाक्टर रामवरण यादवले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको संविधान जारी गरेका थिए । आजैका दिन अर्थात नौ वर्षअघि जनताका प्रतिनिधिले जनताका लागि नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख,

बाँकी ३ पेजमा

## राज्य संविधान प्रदत्त अधिकार कार्यान्वयनमा चुक्यो



**रणसिंह परियार**

प्रदेशसभा सदस्य, कर्णाली

वास्तवमा भन्ने हो भने संविधान निर्माण भएदेखि यता संविधानले प्रदत्त गरेका अधिकारहरु कार्यान्वयनको प्रक्रिया प्रभावकारी ढङ्गले अगाडि बढाउन राज्य चुक्यो । विशेष गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दा त राज्यले बिर्सिनै सक्यो । अझै पनि ठुला जातिय विभेदका घटनाहरु घटेका छन् । दलितमाथिको थिचोमिचो कायमै छ । राज्यका निकायमा दलितलाई मुलप्रवाहमा आउँनै मुस्किल

बाँकी ३ पेजमा

## यस्तै हो भने विकल्प खोज्ने बेला भयो



**पीताम्बर ढकाल**

राजनीतिक विश्लेषक

संविधान जारी भएको नौ वर्ष पुरा भएर करिव दशक हुन लाग्यो । अहिलेसम्मका हाम्रा संविधानहरुको आयु एउटाको एभरेजमा १० वर्ष छ । त्यस अर्थमा यो संविधानको विकल्प पनि सोच्नु पर्ने बेला आएको हो कि जस्तो मलाई लाग्छ । विभिन्न आन्दोलन, सशस्त्र संघर्ष, सात आठ वटा पार्टीले गरेको संघर्षको परिणाम अहिलेको संविधान हो । यो यति छिटै त नजानु पर्ने हो । तर यसको काम गराई र प्रयोग राम्रो ढङ्गले भएन । यसको धेरै दुरुपयोग भयो ।

बाँकी ३ पेजमा

## लैङ्गिक समतालाई बिर्सन हुँदैन



**टिका विष्ट**

महिला अधिकारकर्मी

पहिलो कुरा नेपालले आफ्नो विकास गर्ने सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा धेरै कानुनी सुधारहरु गरेको छ । यो विषय संविधानमा पनि राखिएको छ । यो एकदमै राम्रो छ । विश्वका देशहरुलाई तुलना गर्दा धेरै चाँडो विकास गरेको र कतिपय अवस्थामा उदाहरणीय कुराहरु पनि छन् । जस्तो महिलालाई राष्ट्रपति, प्रधान न्यायधिस र सभामुख बनाइएका विषय हाम्रा लागि आफैमा गौरव गर्न लाएक छन् । खासगरी संविधानले प्रदेश र संघीय संसदमा ३३

बाँकी ४ पेजमा

## राज्यले यौनिक अल्पसंख्यकलाई चिन्नै सकेन



**अन्जली विसी**

यौनिक तथा अल्पसंख्यक

यौनिक तथा अल्पसंख्यकहरुलाई राज्यले चिन्नै सकेको छैन । हामी पनि यो देशका नागरिक हौं । हामीलाई पनि अन्य मानिस सरह समाजमा सम्मानजन जीवनयापन गर्न मन छ । राज्यले संविधानमा यौनिक तथा अल्पसंख्यकलाई विशेष अधिकारको व्यवस्था गरेको छ । तर यी कार्यान्वयन हुन नसक्दा हाम्रो जीवन नर्क जस्तै बनेको छ । कर्णाली प्रदेशमा यौनिक तथा अल्पसंख्यक धेरै साथीहरु खुलेर आउनु भएको छ । संविधानले दिएका

बाँकी ४ पेजमा

# ८५ वर्षीया जेष्ठ नागरिकले आँखाको ज्योति पाएपछि

**गोल्डेन बुढा**

**जुम्ला, २ असोज ।**

दाहिने आँखा बन्द भएपछि विगत तिन वर्षदेखि नातिनातिनाको सहयोगमा भित्रबिहिर गर्दै आएकी एक जेष्ठ नागरिकको शल्यक्रियापश्चात आँखाको ज्योति फर्केपछि उनको खुसीको सीमा नै रहेन् ।

बरिष्ठ नेत्र रोग विशेषज्ञ डा. सन्दुक रुईतले उनको आँखाको पट्टी खोलेपछि तपाईं भगवान हुनुहुँदो रहेछ भन्दै ८५ वर्षीया बाचुँ बोहोराले नमस्ते गरिन् । जुम्लाको विकट मानिने पातारासी गाउँपालिका-३ की बाचुँको एक आँखा तीन वर्षदेखि बन्द थियो । आफ्नो घर भित्र बाहिर गर्न पनि साहारा चाहिन्थ्यो । उनको साहारा र भरोसाको रुपमा नातिनातिना थिए । उमेर ढल्केसँगै उनको आँखामा मोतियाविन्दुले ढपक्कै ढाकेको थियो ।

आँखा देख्न छोडेपछि सहाराबिना भित्रबाहिर पनि हिँड्न सक्नु भएको थिएन । १६ वर्षीय नाति गोविन्द बोहोराले भने,'मोतिविन्दुको शल्यक्रिया गरेपछि अहिले हजुर आमाले दुवै आँखा देख्नु भएको छ ।' प्रतिष्ठानकै परिसरमा उनले आँखा देख्ने बितिक्कै डाक्टरलाई नमस्ते गर्दै भनिन्, 'अहिले सबै देखियो,आँखा नदेख्दा संसारै अन्धकार थियो,अहिले झलमल भयो ।' आँखा मोतियाविन्दुले ढाकेकाहरुको शल्यक्रिया गरिएको थियो । उनकोमात्र होइन जुम्लाको तातोपानी गाउँपालिका-७ बारागाउँका ६२ वर्षीया सबने रावतको पनि खुसीको सीमा थिएन ।

दाहिने आँखामा फुलो परेर विगत ९ वर्षदेखि नै देख्न छोडेका थिए । देब्रे आँखाको भरमा जीवन गुजार्दै आएका थिए । देब्रे आँखा पनि मोतियाविन्दु ढाकेकाले एक वर्षदेखि अन्धकारमय जीवन बिताईरहेका थिए । सदरमुकाममा अवस्थित प्रतिष्ठानमा आँखाको मोतियाविन्दुको शल्यक्रिया गरेपछि उनले फेरि उज्यालो देखेपछि खुसी व्यक्त गर्दै भने,'फेरि एउटा आँखाले भएपनि देखियो ,अब सजिलै हुन्छ होला । आँखामा दृष्टि नहुँदा हिँडडुल गर्न समस्या हुन्थ्यो, आफन्त ठम्याउन सकिँदैनथ्यो,' उनले भने्, 'अब आँखा देख्ने भएका छौं, हिँडडुल गर्न र आफन्त ठम्याउन समस्या नहुने भयो ।'

यस्तै जुम्लाको चन्दननाथ नगरपालिका -३ की ७८ वर्षीय चौदसी खत्री चस्मा हेर्दै मख्ख थिइन् । उनले सुनाइन्, 'अब त घरमा कोही नयाँ मानिस आउँदा को हुनुहुन्छ भनेर सोध्नुपर्ने दिन गए जस्तो छ । घरदैलोमै सेवा लिन पाउँदा खुसी लागेको उनको भनाइ छ ।' उनीसँगै साथमा थिए,चन्दननाथ नगरपालिका-३ कै ७९ वर्षका दुर्गबहादुर खत्री । दृष्टि फर्केपछिको खुशी खत्रीको अनुहारमा प्रष्टै देखिन्थ्यो । 'आँखामा ज्योति नहुँदाको पीडा शब्दमा व्यक्त गर्न नसकिँदो रहेछ,' शल्यक्रियापछि दृष्टि फर्किएपछि खुशी हुँदै उनले भने, 'बुढेसकालमा आँखाको ज्योति पाएँ, फेरि संसार देख्ने भएको छु ।' उनले भने, 'निःशुल्क अप्रेशन भयो, खुशी लागेको छ । 'मोतियाविन्दूको जालोले बन्द भएका आँखा डाक्टरले खोलिदिए् ।' शिविर नजिकै भेटिएकी अर्की अन्दाजी ७० वर्षकी दिलु बोहोरालाई शिविरका कर्मचारीले चस्मा लगाइदिएपछि उनी भन्दै थिइन्, 'अन्नपात केलाउने, सियो समाउन,शौच गर्न,आफै पानी सारेर पिउन सक्ने बनाइदियौ ।'

माथिका केही स्थानीय त निःशुल्क आँखा शिविरबाट उपचार पाएपछि खुसी हुने प्रतिनिधि पात्रमात्र हुन् । उनीहरू जस्ता धेरै जेष्ठ नागरिक र अधबैंसे धेरै शिविरमाआएकाहरु बुद्द् यौलीका कारण आँखामा लागेको जालो फालेपछि दृष्टि फर्किएको खुशी एकअर्कामा साटिरहेका थिए । 'गत भदौ २२,२३ र २४ गते कुल १ सय ८ जनाको मोतिबिम्दुको आँखा सल्यक्रिया गरिएको थियो । कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान जुम्लाको आयोजनामा गरिएको शिविरले भदौ १६ ,१७,१९ र २० गते संचालित निशुल्क आँखा शिबिर बाट जुम्लाका ८ वटै स्थानीय तह बाट मोतिबिन्दु सल्यक्रिया गर्नुपर्ने ब्यक्ति छनोट गरि कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान जुम्लामा रिफर गरिएको थियो । अहिले डाक्टर बिश्व राज तिमिल्सिना, डा प्रकाश बम ठकुरीको टिमले प्रतिष्ठान निरन्तर उपचार गरिरहेको छ ।

# राष्ट्रिय शिक्षा पुरस्कारबाट सुर्खेतका पाँच जना पुरस्कृत हुँदै

**युग संवाददाता**

**सुर्खेत, २ असोज ।**

सरकारले राष्ट्रिय शिक्षा दिवसको अवसर पारेर सुर्खेतका पाँच जनालाई पुरस्कृत गर्ने घोषणा गरेको छ । शिक्षा दिवसको अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यस वर्षको उत्कृष्ट क्याम्पस, विद्यालय, विद्याभूषण, प्रविधि विद्याभूषण तथा छात्रापदक पाउनेको नाम घोषणा गरेको हो । भदौ ३१ गते बसेको मन्त्रीस्तरीय बैठकले पदक तथा विभूषणको छनोट गरेको थियो ।

पदक र पुरस्कार दिने घोषणा गरे पनि आर्थिक अभाव जनाउँदै पुरस्कार तथा पदक वितरणको भने टुंगो नलागेको मन्त्रालयले जानकारी दिएको छ । यस वर्ष सुर्खेतबाट नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय गाग्रेतालका प्रधानाध्यापक नेत्रप्रसाद चालिसे, निजी संस्थागत विद्यालयबाट एसओएस हर्मन माईनर सेकेण्डरी स्कूलका प्रिन्सिपल हरिहर बस्नेत सम्मानित हुने भएका छन् ।

त्यसैगरी सामुदायिक विद्यालयका तर्फबाट जन नमुना माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दबहादुर कोइराला, निजी संस्थागत विद्यालयका संस्थापक मध्येबाट ईगरब्रिज वोडिङ स्कूलका संस्थापक हेमप्रकाश भुषाल र बाल विकास शिक्षक मध्येबाट जनजागृत प्रावि पदमपुर वीरेन्द्रनगरकी शिक्षिका सीताकुमारी पौडेललाई पुस्तकृत गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ ।

देशका सम्पूर्ण निजी तथा सार्वजनिक विद्यालयमा अध्ययनरत डेढ लाखभन्दा बढी शिक्षकहरूमध्येबाट निश्चित मापदण्डका आधारमा उत्कृष्ट र योग्य शिक्षकहरू छानिएको शिक्षा मन्त्रालयको दाबी छ ।

उक्त मापदण्ड अनुसार पुरस्कार पाउने शिक्षकको विषयमा वार्षिक परीक्षामा कम्तीमा ७५ प्रतिशत छात्रछात्रा उत्तीर्ण भएको तथा सम्बन्धित शिक्षक ९५ प्रतिशत विद्यालयमा उपस्थित भएको हुनुपर्छ । सरकारी स्कूलमा कम्तीमा पाँचदेखि १० वर्ष सेवा गरेका स्थायी शिक्षक यो पुरस्कारको हकदार हुन्छन् ।

# वीरेन्द्र-ऐश्वर्य उद्यानको पुनःनिर्माण सुरु

**युग संवाददाता**

**कैलाली, २ असोज ।**



धनगढी उपमहानगरपालिका-१ पार्कमोडस्थित वीरेन्द्र-ऐश्वर्य उद्यानको पुनः निर्माण सुरु भएको छ । सहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय आयोजना कार्यान्वयन इकाई धनगढीले उद्यानलाई नयाँ र आधुनिक शैलीमा पुनःनिर्माण सुरु गरेको हो ।

विसं २०८३ वैशाख १६ गतेसम्म निर्माण सम्पन्न गर्नेगरी आठ करोड ६२ लाख ५० हजार उद्यान निर्माणका लागि नेशनल/पवन जेभीसँग गत असार १७ गते ठेक्का सम्झौता भएको धनगढी उपमहानगरपालिकाले जनाएको छ ।

लामो समयदेखि अस्तव्यस्त बनेको सो उद्यानलाई नयाँ र आधुनिक शैलीमा पुनःनिर्माण गरी संरक्षण र पर्यटन प्रवर्द्धन गर्न थालिएको उपमहानगर प्रमखु गोपाल हमालले बताए । उपमहानगरले रात्रिकालीन बजारसहितको उद्यान निर्माणका लागि विस्तृत योजना प्रतिवेदन (डिपीआर) तयार पारेको उनले जानकारी दिए ।

उपमहानगर प्रमखु हमालका अनुसार पार्क क्षेत्रमा खेलौना, वाटर फाउन्टेन, रेस्टुरेन्ट, कार्यक्रम सञ्चालन गर्न हल, स्वीमिङ पुल, ज्येष्ठ नागरिकले आराम गर्ने स्थान, युवाका लागि सांस्कृतिक क्षेत्र, किशोरकिशोरीका प्रतिभा देखाउन कार्यक्रमस्थल र उद्यानको बाहिरी क्षेत्रमा व्यापारिक प्रयोजनका लागि सटर निर्माण हुनेछन् ।

सटरमा स्थानीय संस्कृतिका पोसाक तथा सामान बिक्री गर्न सकिने भन्दै उपमहानगरले पार्क निर्माण गर्न ३५ करोड लागतको योजना बनाएको उनले जानकारी दिए ।

पहिलो चरणमा आठ करोड ६२ लाखका संरचना निर्माण गरिने सहरी विकास तथा भवन निर्माण आयोजना कार्यान्वयन इकाईका सूचना अधिकारी सौरभ कलौनीले बताए । उनले वीरेन्द्र-ऐश्वर्य उद्यानसँगै धनगढीमा एक हजार दुई सय ५० मिटर सडकसमेत निर्माण गर्न उक्त कम्पनीसँग सम्झौता भएको जानकारी दिए ।

उद्यान सञ्चालनमा आएसँगै स्थानीय पाँच सयबढी युवा व्यवसायमार्फत स्वरोजगार बन्न सक्ने उपमहानगर प्रमखु हमालले जानकारी दिए । तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यको सालिकसहित उद्यानको स्थापना गरिएको थियो । वि.सं. २०६२/६३ को जनआन्दोलनपछि उक्त उद्यान जीर्ण बन्दै गएको थियो ।


## डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९८२९६७५६५०, ९७६९७७२९२३



## सम्पादकीय....

# संविधान कार्यान्वयन र संशोधनको चर्चा

दलहरूको आफ्नो राजनीतिक धर्म, दर्शन, नीति सिद्धान्त र कार्यक्रमहरू हुन्छन् । ती कार्यक्रम र सिद्धान्तअनुसार सरकार बन्नुपर्ने हो । सरकार बनाउने बेलामा कम्युनिष्ट होस् कि काँग्रेस होस् कि राप्रपा होस् कि जनमत होस्, सिद्धान्तहरूमा आकाश/पाताल अन्तर पर्ने तर सरकार बनाउन भने सहमत हुनेलाई कसरी हेर्ने ? निर्वाचन प्रणाली, राजनीतिक दलहरूको विकास र जनताले दिएका अभिमतको तालमेल केही पनि देखिदैन । सिद्धान्तहीन राजनीति चलेको देखियो । धेरै दल भएपनि बहुदल भन्नुपर्‍यो । सरकार निर्माणको शैली, एकले अर्कालाई सहजरूपमा स्वीकार गरेको देखियो । यसरी हेर्दा रूपमा बहुदल मनमनमा निर्दल त कहीँ हुर्किएको छैन भन्ने अवस्थासम्म पुगेको छ । अर्थात बहुदलीय राजनीतिक प्रजातान्त्रिक संस्कृति निर्माण गर्नमा अहिलेको संवैधानिक प्रयासहरू या यथेष्ट भएनन् वा ठीक दिशातर्फ निर्देशित भएनन् । सही परिणाम निकाल्न सकेको अवस्था छैन । सङ्घीयताको कुरा गर्दा अपूर्ण कार्यान्वयन भयो । सङ्घीय सरकार केन्द्रीयतावादी देखिएको छ । स्थानीय तह अपेक्षाकृत स्वतन्त्र र अधिकार सम्पन्न देखिन्छ तर दायित्व कार्यान्वयन गर्न सक्ने क्षमता सम्पन्न देखिदैन । प्रदेश सरकारलाई स्थानीय सरकारले नटेर्ने र सङ्घीय सरकारले नसुन्ने र उपेक्षाको अवस्थामा गुज्रेको देखिन्छ । एक्लै केही गर्न नसक्ने अवस्थामा रहेको छ । अधिकारको विनियोजन अपूर्ण भएको छ । अहिलेसम्म आधारभूत निजीमती ऐन, प्रहरी ऐनलगायत धेरै ऐन बनाइएको छैन । संविधानले सोचजस्तो दिशामा देखिँदैन । जनतामा सङ्घीयताप्रति नै वितृष्णा आउने हो कि भन्ने भय रहेको देखिन्छ ।

संविधानको सबैभन्दा महत्वपूर्ण सिद्धान्त समावेशीता हो । जनसङ्ख्याको समानुपातिकको समावेशीता भनियो । हामीलाई इतिहाँसदेखि नै पछाडि पारिएका, भेद्भावमा परेको, मौका नपाएका, हिंसामा परेका वर्गलाई माथी उठाउनुपर्ने थियो । अस्थायी रूपमा विशेष अवसर दिएर क्षमता अभिवृद्धि गरेर समान हैसियतमा ल्याउनु थियो । राजनीतिक दलले जनसङ्ख्याको अनुपातको आधारमा सिटको बाँडफाँट गर्ने काम गर्‍यो । हेर्दा दलित र महिला पनि परेको देखियो तर जनसङ्ख्याको अनुपातमा गरेर हेर्दा हिजोको शासक वर्गले नै समावेशीताको लाभ लिएको छ । राणा, शाह वा खस आर्यले नै समानुपातिकमा प्रतिनिधित्व गरिरहेका छन् । तोकिएको वर्गभित्र पनि पहुँचवालाको प्रतिनिधित्वको सुनिश्चित भएको छ । संविधानको सबैभन्दा ठूलो सिद्धान्त नै समान मैदानमा समान हैसियतले खेल्नसक्ने हैसियतमा पुर्‍याउनु पर्ने सिद्धान्त हो तर लाभान्वित वर्गको हितका लागि प्रयोग भयो । भ्रष्टाचार, स्वार्थ र षड्यन्त्रको शिकार भयो । समावेशीले उच्च मूल्य मान्यता र मर्यादा दिनुपर्ने थियो । जुन वर्ग लाभान्वित हुनुपर्ने थियो तर त्यो हुन सकेन । प्रजातन्त्रको महत्वपूर्ण कुरा समानताको सिद्धान्त हो । कानूनको अगाडि समानता, कामको सम्मान संरक्षण, कानुनको अधिनमा रहेर लाभहरूको समान वितरण भएन । सम्भ्रान्त वर्ग केन्द्रित लाभहरूको वितरण भयो । विकासले समानता स्वच्छ र उत्पादनशीलतको सम्बर्द्धन गर्नुपर्ने थियो । संविधानले दिने भनेको सुशासन, समान प्रतिष्ठाको संरक्षण र राजकीय निर्णय प्रक्रियामा समान सहभागिता राख्ने हुनुपर्छ । ती प्रक्रियाहरू स्वच्छ, समान, विवेकशील र पारदर्शी हुनपर्छ । तर हुन सकेन । संविधानमा सन्तुलन र नियन्त्रणका कुराहरू लेखिएको भए पनि शक्तिपृथकीकरण सिद्धान्तभन्दा पनि त्यसको दुरुपयोग गर्ने बढी गरेको देखियो ।

सङ्घीयता कार्यान्वयनमा नभई नहुने कानुन पनि अहिलेसम्म बनेका छैन । दश वर्षसम्म कानुन बनेर पनि कार्यान्वयन भएर समीक्षा गर्ने अवधि भइसकेको छ । मौलिक हक, निजामती ऐन, प्रहरी ऐनजस्ता अन्य धेरै ऐनहरू अझै बन्न सकेको छैन । संसद बस्छ । अधिकांश समय राजनीतिक गफ गर्छ । विधायिका अनुपादक बन्दै गएको छ । विधायिकाले ऐनहरू समयमा नबनाएपछि कार्यपालिकाको स्वच्छन्दता बढ्दै जाने हुन्छ । कानुन नभएपछि कार्यपालिका आफ्नो विवेकले चल्ने भयो । विधिको शासनमा मुलुक चल्नुपर्नेमा तदर्थवादी ढङ्गबाट शासन व्यवस्था चल्दै गएको छ । अध्यादेशमार्फत कानुन ल्याउने अनि अदालतमा मुद्दा आउने भएको छ । अदालतले पनि समयमा निर्णय गर्न नसकेको देखिन्छ । यसले हामीले कस्तो किसिमको कानुनको शासनको परिकल्पना गरेको हौँ ? भन्ने प्रश्न उब्जेको छ । न्यायापालिकाको संविधान कार्यान्वयन भए नभएको हेर्ने हो । तर कानुन बनाउने विधायिकाले हो । न्यायापालिका आफैँले संविधान कार्यान्वयन गर्ने होइन । कार्यान्वयन सही ढङ्गले कार्यान्वयन भयो कि भएन भनेर हेर्ने हो । विधायिका अनुत्पादक भएर जाने, सरकार चाहिँ विधायिकासँग साझेदार गरेर राम्ररी काम गर्न नसक्ने अनि न्यायापालिकाले कानुन आफैँले बनाउने होइन । कानुन बनाउ भनेर आदेश दिने हो, ध्यानाकर्षण गराउने हो । जुन खालका मुद्दाहरू अदालतमा आउने गर्छन्, अदातलमा आउने मुद्दाको अनुहार हेरेर पनि थाहा हुन्छ कि तिनीहरू अधिकांश कानुन बनाउन भनेर आउँछन् । निर्वाचन मुद्दा, भ्रष्टाचार मुद्दा लामो समयसम्म अनिर्णय रहने गर्दछ । न्यायाधीश नियुक्ति प्रक्रिया समयमा नहुँदा मुद्दाको समयमा निर्णय हुन सकेको छैन । अदालतमा मुद्दाहरू हुँदा संवैधानिक आयोगहरू पनि शिथिल अवस्थामा छन् । सबै कुरा शिथिल भएको अवस्थामा यो संविधानले कसरी काम गर्न सक्छ ?

# प्रदेश बलियो बनाउन संविधानको पूर्ण कार्यान्वयनमा पहलकदमी लिएका छौं: मुख्यमन्त्री आचार्य

*नेपालको संविधानले राज्यको पुनर्संरचनासहित तीन तहका सरकार निर्माणको व्यवस्था गरेको छ । संविधानमा व्यवस्थित सङ्घीय शासन प्रणालीमा प्रदेश संरचना नयाँ हो । लुम्बिनी प्रदेशले सङ्घीयता कार्यान्वयनको अभ्यास नवीन ढङ्गले अघि बढेको छ । देशका ठूला राजनीतिक दलहरूबीचको पछिल्लो राजनीतिक सहमतिसँगै लुम्बिनी प्रदेश सरकारको नेतृत्व चेतनारायण आचार्यले गर्नुभएको छ । नेपालको संविधान, २०७२ को कार्यान्वयन र सङ्घीयतालाई बलियो बनाउन प्रदेश सरकारले अघि बढाएका योजना, अवसर, चुनौती र भावी रणनीतिको बारेमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री श्री आचार्यसँग राससका वरिष्ठ समाचारदाता भरत केसीले गरेको कुराकानीको सम्पादित अंश ।*



**➢ नेपालको संविधान, २०७२ जारी भएपछि प्रदेशमा भएका महत्वपूर्ण उपलब्धिहरू के के हुन् ? अहिलेसम्म सम्पादित कामबाट कति सन्तुष्ट हुनुहुन्छ ?**

नेपाली जनताको त्याग, तपस्या र बलिदानी सङ्घर्षबाट प्राप्त नेपालको संविधानले राज्यको शासन व्यवस्थालाई जनतामा केन्द्रित गरेको छ भने शक्तिलाई विकेन्द्रीकृत गरेको छ । प्रदेश सरकारले जनतालाई केन्द्रमा राखेर सेवाप्रवाह गरिरहेका छन् । जनमैत्री सेवा नै संविधानको पहिलो उपलब्धि हो । सबैलाई समान अवसर प्रदान गर्ने, समतामूलक समाज निर्माण गर्न संवैधानिक व्यवस्थाले हामीलाई मार्गनिर्देश गरेको छ । प्रदेशलाई बलियो बनाउने गरी सरकार र प्रदेशसभा दुबैले आफ्ना कामलाई प्रभावकारी रूपमा अघि बढाएका छन् ।

सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट लुम्बिनी प्रदेशको समग्र विकासलाई जनतासामु पुर्‍याउन प्रदेश सरकार सफल भएको छ । प्रदेश सरकारले सम्पादन गरेका कामहरूबाट सन्तुष्ट हुने आधार तय गरिएको छ ।मुख्यगरी आर्थिक वर्ष २०७५/७६ मा बहुआयामिक गरिबीको दर ३० प्रतिशत रहेकामा हाल १८ प्रतिशतमा झरेको छ । बेरोजगारीको दर ११ प्रतिशतबाट घटेर ८ प्रतिशत पुगेको छ । पाँच वर्षमुनिको बाल मृत्युदर प्रतिहजार ४५ रहेकामा हाल ३३ र नवशिशु मृत्युदर प्रतिहजार ३० रहेकामा हाल २१ मा झरेको छ । माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर ७५ प्रतिशतबाट बढेर ८४ प्रतिशत र खुद भर्ना दर ४० प्रतिशतबाट ५७ प्रतिशतमा वृद्धि भएको छ ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १४ प्रतिशत पुगेको छ । २०७५ सालमा सडकको लम्बाई ११ हजार २३३ किमी रहेकामा हाल १५ हजार ७६ पुगेको छ र ३० मिनेटको दूरीमा पक्की सडकमा पहुँच भएको जनसङ्ख्या ५० प्रतिशतबाट ६५ प्रतिशत पुगेको छ भने १०९ मध्ये १०८ पालिकामा बाह्रै महिना पहुँचयोग्य सडक निर्माण भएको छ । विद्युत् मा पहुँच पुगेको जनसङ्ख्या ८१ प्रतिशतबाट ९८ प्रतिशत पुगेको छ भने इन्टरनेटमा पहुँच भएको घरपरिवार ४९ प्रतिशतबाट ७६ प्रतिशत पुगेको छ । योजनाबद्ध विकासका माध्यमबाट लुम्बिनी प्रदेशमा कृषि, पर्यटन र उद्योग क्षेत्रमा सुधार हुँदै गैरहेको छ भने महिला सहभागिता र सशक्तीकरण, सामाजिक समावेशीकरण, मानव संसाधन विकासलगायतका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएका छन् । त्यसैगरी केही दिगो विकास लक्ष्यका सूचकहरूमा उपलब्धि हासिल भएका छन् । यी उपलब्धि हामीले सोचेजस्तो पूर्ण त होइन, हामीले यसलाई अझ फड्को मार्ने गरि काम गर्न चाहथ्यौं तर यहि बीचमा कोभिड-१९ को महामारी, भूकम्पलगायतका प्राकृतिक प्रकोपले हामीलाई अल्झाउने काम गरेका कारण हाम्रो उपलब्धि सोचेजति हुन नसकेको तथ्य हामी सबैका अगाडि छ ।

**➢ संविधानअनुसार तीन तहका सरकारको संरचनामध्ये समन्वयात्मक भूमिका जस्ता अवस्थामा रहेका प्रदेश सरकारलाई आफ्ना नीति तथा कार्यक्रम र कार्ययोजना कार्यान्वयन गर्ने सन्दर्भमा हालको संरचनागत र कानुनी व्यवस्था कस्तो छ ?**

प्रदेश संरचना शून्यबाट अघि बढेर देखिने, अनुभव गरिने र उपलब्धि दिने अवस्थामा पुगेको छ । पहिलो कार्यकालको पाँच वर्ष आधार निर्माणका लागि सदुपयोग भयो । आफैं कानुन निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आफ्नो भूमिका बढायो । संविधानले दिएको अधिकारका आधारमा प्रदेश तहमा आफ्नै संरचनाहरू निर्माण गरिएका छन् । कतिपय अधिकारहरू प्राप्तिका लागि प्रदेशले पहल गरिरहेको अवस्था छ । प्रदेशले निजामती सेवा र अन्य सरकारी सेवालाई प्रभावकारी बनाउन प्रदेश निजामती सेवा ऐन निर्माण गरेर कार्यान्वयन गरिरहेको छ । जनशक्ति व्यवस्थापन र त्यसको परिचालनका लागि यो ऐन कार्यान्वयनमा आएको छ । अर्को कुरा प्रदेश लोकसेवा आयोग हामीसँग छ । त्यसबाट अब झण्डै दुई हजार कर्मचारी भर्नाको प्रक्रिया सुरु गरेका छौं । पहिलो चरणमा उपसचिवहरूको विज्ञापन खुल्दैछ ।

प्रदेशभित्रको स्वास्थ्य सेवालाई सुदृढ र प्रभावकारी बनाउन प्रादेशिक अस्पतालहरूको सेवालाई विशेषज्ञ सेवाको रूपमा विकास गरेका छौं । लुम्बिनी प्रादेशिक अस्पताललाई देशकै ठूलो अस्पताल निर्माण गर्न भवन निर्माणको काम अघि बढिसकेको छ । आर्थिक वर्ष २०८१/८२ मा सङ्घीयताको सुदृढीकरण सँगै योजनाबद्ध विकासलाई अझै प्रभावकारी बनाउन अधुरा आयोजना कार्यान्वयनलाई प्राथमिकता दिएका छौं । प्रदेश र स्थानीय योजनाबीच सामञ्जस्यता कायम गर्न स्थानीय तहलाई सहजीकरण गर्ने, योजना तर्जुमा तथा कार्यान्वयनमा तहगत सरकारबीच समन्वय र सहकार्य गर्ने, अन्तर-सरकार सूचना सञ्जालको निर्माण गर्ने, प्रदेश आयोजना बैंक स्थापना गरी योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्ने, प्रदेश तथ्याङ्क बैंक स्थापना गरी अभिलेखीकरण गर्ने, अन्तर-सरकार र अन्तर-निकाय समन्वय प्रभावकारी बनाउने गरी काम गरेका छौं ।

**➢ नेपालको संविधान २०७२ कार्यान्वयनका क्रममा तीन तहका सरकारबीचको अन्तरविरोध जस्तो देखिन्छ । केन्द्रले प्रदेश एवं प्रदेशले स्थानीय तहलाई अधिकार नदिएको भन्ने कुराहरू बाहिर आउने गरेको छ । विशेषगरी प्रदेशबाट यस सम्बन्धमा कस्तो भूमिका निर्वाह गरिएको छ ?**

सङ्घीयता कार्यान्वयनको नौलो अभ्यासमा हामी छौँ । प्रदेशलाई संविधानले प्रदान गरेका अधिकारहरू कार्यान्वयन गर्ने चरणमा छौँ । सङ्घ सरकारसँग यस बारेमा हामीले समन्वयात्मक ढङ्गले छलफल गरीरहेका छौँ । प्रदेशलाई बलियो बनाउन संविधानले दिएको अधिकारलाई पूर्ण कार्यान्वयनको लागि हामीले पहलकदमी लिएका छौँ । यस बारेमा सङ्घ सरकारसँग अधिकारको बारेमा पनि कुराहरू गरेका छौँ । संविधान कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरविरोध भन्दा पनि यस बारेमा आ-आफ्ना तर्फबाट पहल थालिएका छन् । सङ्घले प्रहरी ऐन समायोजन, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट, साथै यसैसँग जोडिएको वित्तीय हस्तान्तरण जस्ता कार्य अविलम्ब अगाडि बढाउनका लागि प्रभावकारी पहल गरिएको छ । साथै निजामती कर्मचारी सेवा ऐन तथा शिक्षा सेवा ऐन सङ्घमा बन्न नसकेका कारण काममा समस्या पैदा भएको छ ।

**➢ प्रदेश सरकार आर्थिकरूपमा आत्मनिर्भर र राजनीतिकरूपमा स्वतन्त्र नभएको र यो मुलुकले थेग्न नसक्ने संरचना भयो भन्ने आवाज सुनिने गरेका छन् । यस अवस्थामा प्रदेश संरचनालाई स्थिर, सक्षम, थप कामकाजी, जनपक्षीय, परिणाममुखी र सुदृढ बनाउन के गर्नुपर्ला ?**

तपाईंले प्रश्न गरेका जस्ता भाष्य सिर्जना गरेर जनताका बीचमा सङ्घीयतालाई कमजोर बनाउने खेल अहिले कतैबाट चलिरहेको छ । प्रदेश संरचना संविधानअनुसार बनेको हो । संविधान कार्यान्वयनको एक दशकको अवधिमा पुग्दा नपुग्दै सङ्घीय संरचनाका विषयमा यसको औचित्य सकियो, प्रदेश संरचना चाहिँदैन भन्ने जस्ता भ्रम सिर्जना गरेर अस्थिरता मच्चाउने जमातले भ्रमपूर्ण कुराहरूको खेती गरिरहेका छन् । सङ्घीय व्यवस्थामा कुनै कमजोरी छैन, तर हालसम्मको अवस्थामा देखिएका केही कमजोरीलाई लिएर व्यवस्थालाई नै कमजोर बनाउने गरी धारणा बनाउनु हुँदैन । हामीले सरकारको नेतृत्व सम्हालेको एक सय दिन पुगिसकेको छैन । वर्तमान सरकारले नागरिकमा आशाको सञ्चार गरेको छ । केही यस्ता महत्वपूर्ण निर्णय भएका छन्, जसले सुशासन, जवाफदेहीता, नागरिक उत्तरदायित्व, भ्रष्टाचार उन्मुलनका लागि महत्वपूर्ण भूमिका खेल्न थाल्दछन् । पूर्व विशिष्ट पदाधिकारीको नाममा आजीवन सुविधा पाउने निर्णय हामीले फिर्ता गराएका छौँ ।

म आफैँले पनि निवर्तमान मुख्यमन्त्री हुँदै गर्दा राज्यकोषबाट एक रुपैयाँ पनि सेवा सुविधा लिने छैन भन्ने सङ्कल्प गरेको छु । अहिलेसम्म लिँदै आएकाहरूको पनि त्यो सुविधा फिर्ता गराएका छौँ । सरकारका मन्त्रीहरूलाई समेत आचारसंहिता लागू गरेका छौँ । मुख्यमन्त्री, मन्त्रीहरूको समेत यहाँहरूले निगरानी गर्न सक्नुहुन्छ । आचारसंहिता उल्लङ्घन गरेको खण्डमा यहाँहरूले आवाज उठाउन सक्नुहुन्छ यो हामीले खुला गरेका छौँ । भ्रष्टाचार उन्मुलनका लागि पाँच वर्षे रणनीतिक कार्ययोजना निर्माण गरेर लागु गर्ने प्रतिबद्धताका साथ काम गरिरहेका छौँ ।

अर्को कुरा प्रदेश सरकार बनेपछि एउटा गाउँको बाटो कालोपत्रे गर्ने योजना माग गर्न, विद्यालयको भवन बनाउने योजना माग गर्न, सिँचाइको कुलो बनाउने योजना माग गर्न, त्यति मात्र होइन, सामाजिक जागरण, चेतना अभिवृद्धि, सीप विकास, क्षमता अभिवृद्धि, स्थानीय कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धनजस्ता नागरिकको दिनचार्यसँग जोडिएका योजनाहरू माग गर्दै केन्द्रमा धाउनुपर्ने बाध्यताको अन्त्य प्रदेश संरचनाले गरेको छ । प्रदेशलाई घरआँगनको सरकारको रूपमा विकास गर्न चाहिरहेका छौँ । प्रदेश सरकारले काम गर्ने तर त्यसको सही प्रचारप्रसार हुन नसक्दा जनमानसमा प्रदेशले केही गरेन कि भन्ने भ्रम पैदा हुनु स्वाभाविक हो । हामी ढुक्कसँग भन्न सक्छौं प्रदेश सरकार जनताको सरकार हो । यसले गर्ने हरेक काम जनता केन्द्रित छन् । अब हामीले प्रदेश र नागरिकको बीचमा सम्बन्ध अझै स्थापित गर्न जरुरी छ । प्रदेशले गर्ने कामहरूको ब्राण्डिङ गर्ने, सुशासन, आर्थिक मितव्ययिताका लागि गरिएका कामहरूको बारेमा जनताको दैलोसम्म पुर्‍याउने गरी काम गर्नका लागि हामी प्रतिबद्ध छौँ । आगामी दिनमा प्रदेश सरकारको काम अझै प्रभावकारी, सुदृढ पार्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

**➢ प्रदेश सरकारलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सन्दर्भमा संविधानमा भएको व्यवस्थाअनुसार यहाँको प्रदेशमा कुन-कुन कानुन बने र कुन बन्न बाँकी छन् ? कानुन निर्माणको प्रकृया कसरी अवलम्बन गर्नुभएको छ ?**

कानुन निर्माणमा लुम्बिनी प्रदेश अब्बल छ । पहिलो कार्यकालमा ७२ वटा कानुन निर्माण गर्‍यौं । पहिलो सभाबाट प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, स्थानीय तहका पदाधिकारी

➤ बाँकी ३ पेजमा

## विश्व

# आतिशी नयाँ मुख्यमन्त्री



**नयाँदिल्ली, २ असोज ।**

दिल्ली सरकारकी शिक्षामन्त्री आतिशी मार्लेनाले आगामी निर्वाचन नभएसम्म दिल्लीको मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने भएकी छिन् । अरविन्द केजरिवालले मंगलबार पदबाट राजीनामा दिएपछि अतिशीलाई मुख्यमन्त्री बनाउने निर्णय आम आद्मी पार्टीले गरेको छ ।

केजरिवालमाथि मदिरा लाइसेन्स बाँडफाँडमा घुस लिएको मुद्दामा अनुसन्धान भइरहेको छ । आपले भने केजरिवालको गिरफ्तारीलाई केन्द्रमा शासन गरिरहेको 'भारतीय जनता पार्टी (भाजपा)'को 'राजनीतिक षड्यन्त्र' भएको आरोप लगाउँदै आएको छ ।

त्रिचालीस वर्षीया आतिशीले मुख्यमन्त्रीको जिम्मेवारी लिएपछि प्रतिक्रिया दिने क्रममा आफूले केजरिवाललाई पुनः जिताउन सहयोग गर्ने बताइन् । 'दिल्लीमा एउटै मात्र मुख्यमन्त्री छ, त्यो अरविन्द केजरिवाल हो,' उनले भनिन् ।

आपका राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री केजरिवालले मंगलबार पार्टी संसदीय दलको बैठकमा आफ्नो उत्तराधिकारीका लागि आतिशीको नाम प्रस्ताव गरेका थिए । केजरिवालको आवासमा बसेको संसदीय दलको बैठकमा राखिएको उक्त प्रस्तावलाई विधायकहरूले समर्थन गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: आज आफूलाई कमजोर भएको अनुभूति हुनेछ । खर्चिलो यात्रा हुनसक्छ । शत्रुपक्ष पनि सबल रहने भएकाले सजग रहनु उचित हुनेछ ।

**वृष**: आज सफल यात्रा हुनेछन् । परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**मिथुन**: आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । व्यापारमा वृद्धि हुनुका साथै सामाजिक प्रतिष्ठा मिल्नेछ ।

**कर्कट**: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् ।

**सिंह**: आज मनमा दुबिधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**कन्या**: आज धर्मकर्ममा मन लाग्नेछ । धैर्य एवं लगनशीलताले विभिन्न अवसर आउनेछ । पराक्रम बढ्नुका साथै पारिवारिक सुख पनि मिल्नेछ ।

**तुला**: चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइएला । चलाखीपूर्ण बोलीले काम सफल हुनेछ । शुभ समाचार सुन्नमा आउला ।

**वृश्चिक**: आज धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**धनु**: आज स्वादिष्ट भोजन पाइनेछ । प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर**: आज स्थान परिवर्तनका विशेष योग देखिन्छन् । लगानीको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैसा खर्च हुने योग छ ।

**कुम्भ**: आज धार्मिक सामाजिक कार्यमा विशेष रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । विश्वास गरेकाले साथ पनि दिनेछन् ।

**मीन**: सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । प्राविधिक कार्य पूरा हुनेछ ।

# डेंगु र स्क्रब टाइफसबाट २१ संक्रमित

**◣युग संवाददाता**
**कालीकोट, २ असोज ।**

यहाँको नरहरिनाथ गाउँपालिकामा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु र किर्नाको टोकाइले सर्ने स्क्रब टाइफसबाट २१ जना संक्रमित भएका छन् । गाउँपालिकामा ज्वरोका बिरामी बढेपछि रगत संकलन गरेर प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेत पठाइएपछि उनीहरूमा संक्रमण भएको पुष्टि भएको हो । संक्रमितको थोगी नरहरिनाथ आधारभूत अस्पताल कुमालगाउँमा उपचार भइरहेको छ ।

यहाँको योगी नरहरिनाथ आधारभूत अस्पतालमा आएका बिरामीमध्ये केहीको रगत जिल्ला अस्पताल मान्ममार्फत प्रदेश प्रयोगशाला सुर्खेत पठाइएकामा ५ जनामा डेंगु र १६ जनामा स्क्रब टाइफस भेटिएको डा. शिवनाथ यादवले बताए ।

'यस्तो चिसो ठाउँमा पनि लामखुट्टेको टोकाइले हुने डेंगु भेटियो,' एक महिनाअघि मात्रै योगी नरहरिनाथ अस्पतालमा सरुवा भएर आएका डा यादवले भने, ' जोखिमबाट बच्न झुलभित्र सुत्ने, पूरै जीउ छोपिने गरी कपडा लगाउने, घरवरिपरी पानी जम्ने खाला खाडल पुर्नेलगायतका सावधानी अपनाउनु पर्छ ।'

# जुम्ली स्याउको बजारीकरणमा संधै समस्या

**◣युग संवाददाता**
**जुम्ला, २ असोज ।**

जुम्लाको अर्गानिक स्याउको बजारीकरणमा समस्या देखिएको छ । विगतका वर्ष जस्तै जुम्लाको स्याउले सहजै बजार पाउन सकेका छैनन् । यस वर्ष स्याउकै सिजनमा लामो समयसम्म कर्णाली राजमार्ग अवरुद्ध हुनु र राज्यले बजार सुनिश्चित नगर्दा जुम्ली किसान तथा व्यापारी मर्कामा परेका छन् । जुम्लाको स्याउ विशेषगरी तीजलाई मध्यनजर गरी निर्यात गरिन्छ । तर यसवर्ष जुम्लाको स्याउ तीजलाई लक्षित गर्न बाहिरी जिल्लामा पुग्न सकेन ।



जसका कारण केही समय ढिलो बजारमा पुगेको स्याउले उपयुक्त मूल्य पाउन नसकेको किसान बलबहादुर रोकाया बताउँछन् । उनी भन्छन्, 'गत वर्ष गाडी स्याउ एकैचोटी बेचिन्थ्यो । अहिले किलो स्याउ बजार बजारमा लिएर बेच्नु पर्ने स्थिति छ । प्रतिकेजी ७०/८० रुपैयाँमा समेत बिक्री हुन मुस्किल छ । सडकको दुरावस्था उस्तै छ । नत सरकारले बजार सुनिश्चत गरेको छ । नत ढुवानीमा सहुलियत । किसानलाई सधै उत्पादनको बजारीकरणमा समस्या छ ।'

बलबहादुर रोकायाजस्तै जुम्लाका किसानले यस वर्ष स्याउको बजारीकरणमा समस्या देखिएको गुनासो पोखेका छन् । जुम्लाबाट यस वर्ष ४० करोड बराबरको स्याउ निर्यात हुने प्रक्षेपण गरिएको थियो । तर वर्षातका कारण लामो समय राजमार्ग अवरुद्ध भएर केही स्याउ कुहिनु र उपयुक्त मूल्य नपाउँदा अनुमान गरिएअनुसारको आर्थिक भित्रिने नभित्रिने एकिन छैन ।

कुल उत्पादन हुने १५ हजार मेट्रिकटन स्याउमध्ये १० हजार मेट्रिकटन निर्यात हुने र पाँच हजार मेट्रिकटन स्याउ जिल्लामै खपत हुने कृषि विकास कार्यालयको अनुमान छ । निर्यात भएको स्याउले बजार नपाएको गुनासोपछि जुम्लाबाट प्रत्यक्ष निर्वाचित सांसद ज्ञानेन्द्रबहादुर शाहीले संसद्मा स्वदेशी उत्पादनको बजारलाई सुनिश्चत गर्नुपर्नेमा जोड दिएका छन् । सोमबार बसेको प्रतिनिधिसभाको बैठकको आकस्मिक समयमा बोल्दै सांसद शाहीले जुम्लाको स्याउले बजार नपाउने तर भारतबाट अर्बौंको विषादीयुक्त स्याउ आयात गर्ने भन्दै स्वदेशी उत्पादनको बजार सुनिश्चित गर्न माग गरे ।

उनले भने, 'हरेक वर्ष भारतबाट ६ अर्ब बढीको विषादी मिलाइएको स्याउ आयात भइरहेको छ । नत नाका क्वारेन्टाइन जाँच भएको छ । त्यो स्याउले स्वास्थ्यमा प्रतिकूल असरसमेत पारिरहेको छ । विषादीयुक्त स्याउ सुपरमार्केटमा साढे तीन सय किलोमा बिक्री गर्ने ठूला व्यापारीले जुम्लाको स्याउ किन खरिद नगर्ने ?' जुम्ली स्याउ ७० रुपैयाँ केजीमा समेत बिक्न गाह्रो भयो भन्दै किसान रोइरहेका छन् । कृषि मन्त्रालय र मन्त्रीले के हेरिहेका छन् ।

किसानको हितमा काम नगर्ने मन्त्रालय राखेर झण्डा हल्लाएर कुनै औचित्य नभएको सांसद शाहीले धारणा राखे । जुम्लाको आर्थिक समृद्धि र किसानको जीविकोपार्जनसँग जोडिएको स्याउको बजारीकरणमा सधै समस्या हुँदा किसानले श्रमअनुसारको अपेक्षित लाभ लिन सकेका छैनन् । यसैबीच विगत ६ वर्षको तथ्यांकलाई हेर्दा जुम्लामा चार लाख ५८ हजार मेट्रिकटन स्याउ उत्पादन भएकोमा तीन लाख ८० हजार मेट्रिकटन मात्रै निर्यात भएको छ भने ७८ मेट्रिकटन स्याउ घरमै थन्किएको हो । कृषि विकास कार्यालय जुम्लाको तथ्यांकअनुसार २०७४ सालमा १८ सय मेट्रिकटन उत्पादन भएकोमा १५ मेट्रिकटन, २०७५ मा ३० मेट्रिकटन उत्पादन हुँदा २५ हजार मेट्रिकटन निर्यात भएको थियो । त्यस्तै, ०७६ सालमा ५० मेट्रिकटन उत्पादन भएकोमा ४० मेट्रिकटन स्याउमात्रै बजारमा गयो भने १० मेट्रिकटन स्याउ घरमै थन्कियो । केही खाए पनि, ठूलो मात्रमा खेर गयो । २०७७ सालमा एक सय मेट्रिकटन उत्पादन भए पनि ८० मेट्रिकटन मात्रै जुम्लाबाट निर्यात भएको थियो ।

२० मेट्रिकटन घरमै थन्कियो भने २०७८ सालमा ११० मेट्रिकटन स्याउ उत्पादन हुँदा ९० मेट्रिकटन र २०७९ सालमा १५० मेट्रिकटन उत्पादन भएकोमा १३० मेट्रिकटन स्याउ निर्यात भएको कृषि विकास कार्यालय जुम्लाले जानकारी दिएको छ । ६ वर्षमा स्याउ प्रतिकेजी ८० रुपैयाँदेखि २५० रुपैयाँ मूल्यसम्ममा बिक्री भएको कृषि विकासको तथ्यांकले देखाउँछ । ६ वर्षमा तीन लाख ८० हजार मेट्रिकटन स्याउ निर्यात हुँदा जुम्लामा कति आर्थिक भित्रियो भन्ने एकिन तथ्यांक कृषि विकास कार्यालयसँग छैन ।

# राँझाका वन अधिकृत र उनीविरुद्ध उजुरी दिने दुवैलाई भ्रष्टाचार मुद्दामा सजाय

**◣युग संवाददाता**
**बाँके, २ असोज ।**

बाँकेको सब डिभिजन वन कार्यालय राँझामा कार्यरत सहायक वन अधिकृत नारायण पार्धे र उनीविरुद्ध उजुरी दिएर अदालतमा प्रतिकूल बकपत्र गर्ने मकरध्वज पाण्डे भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । बुधबार उनीहरूलाई विशेष अदालतले दोषी ठहर गर्दै सजाय सुनाएको हो ।




विशेषका न्यायाधीशहरू खुसीप्रसाद थारू र रामबहादुर थापाको इजलासले यस मुद्दामा फैसला गर्दै पार्धेलाई सात हजार रुपैयाँ जरिवाना र एक महिना कैद सजाय सुनाएको छ । त्यसैगरी, पाण्डेलाई पनि विशेषले उही सजाय सुनाएको छ ।

पार्धेविरुद्ध गत २९ फागुनमा र पाण्डेविरुद्ध यही १६ असारमा मुद्दा दर्ता भएको थियो । पार्धेले काठ चिरानको सिफारिस गरिदिन भनी सेवाग्राहीसँग घुस-रिसवत मागिरहेको सूचना आयोगको बुटवलस्थित कार्यालयमा परेको थियो । त्यहाँबाट खटिएको टोलीले पार्धेलाई सात हजार रुपैयाँसहित पक्राउ गरेको थियो । पछि अख्तियारमा उजुरी दिने पाण्डेले अदालतमा भने बयान फेरेका थिए । जसपछि उनीविरुद्ध पनि मुद्दा दायर भएकोमा ठहर हुने फैसला भएको हो ।

## संविधान...

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेका थिए ।

सार्वभौम सत्तासम्पन्न नेपाली जनता, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् संविधानले गरेको छ । राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै सबै राजनीतिक दल एक ठाउँमा उभिएको दिनले एक दशकको यात्रामा प्रवेश गरेको छ ।

यस्तै, सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गर्दै विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने दुरदर्शी संकल्प संविधानले राखेको छ । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्नु संविधानको मुल ध्येय हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित भई नेपालको संविधान २०७२ जारी भएको थियो ।

यो गौरवपूर्ण इतिहासले दशकमा पाइला टेक्दै गर्दा अझै पनि देशको आमुल परिवर्तन हुन नसकेका आवाजहरु बुलन्दित छन् । निरङ्कुश राणा शासन र पञ्चायती व्यवस्था तथा राजतन्त्रात्मक एकात्मक शासन व्यवस्थाको समूल अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्म मुलुकलाई डोऱ्याएका राजनीतिक दल र तिनका नेतृत्वले राजनीतिक प्रणालीको रूपान्तरणमा योगदान त गरे तर मुलुकको आर्थिक प्रशासनिक क्षेत्रमा समायानुकूल सुधार गर्न सकेनन् भन्ने आवजहरु अहिले प्रसस्त उठ्न थालेका छन् । संविधानले परिकल्पना गरेको संघीयता कायान्वयनका जटिलताका रुपमा संघमा निहित कतिपय अधिकारहरु संघ तथा स्थानीय तहमा विकेन्द्रिकरण हुन सकेका छैनन् । अर्कोतर्फ संविधानको मुलमर्म अनुरुप सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सुदृढ हुन नसकेको पछिल्ला राजनीतिक अभ्यासहरुले देखाइरहेका छन् ।

प्रदेशका लागि आवश्यक पर्ने कानुन निर्माणमा संघले ध्यान नदिने, संघमा हुने राजनीतिक फेरबदलको असर प्रदेशसम्म पर्ने लगायतका कारणले सात वटै प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्न नसकेको आरोप छ । जसको साइड इफेक्ट प्रदेश संरचना देशले धान्न सक्दैन भन्ने तर्कहरुले स्थान लिन थालेका छन् । अर्कोतर्फ ठुला राजनीतिक दलहरुले संविधान जारी भएको लामो समयपछि यसमा भएका केही अपूर्णताले स्थायित्व कायम हुन नसकेको भन्दै संसोधनको प्रस्ताव अगाडि सारेका छन् । यो उनीहरुको देश प्रतिको चिन्ता हो या सत्ताको स्वार्थ त्यो हेर्न धेरै टाढा जानुपर्ने स्थिती भने छैन ।

संघर्ष र बलिदानबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्नतर्फ दलहरुले ध्यान पुऱ्याउन नसक्दा देशमा निराशा बढेको चर्चा पनि उत्तिकै छ । राजनीतिक दलहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दा पनि ओझेमा पारेका छन् । दलित, आदिवासी, सिमान्तकृत वर्गका महिला तथा बालबालिका सहजै राज्यको मुलप्रवाहमा आउन सक्ने स्थिती अझै बन्न सकेको छैन । संविधान कार्यान्वयमा आएको दशक पुग्न लाग्दा पनि देशमा किन आर्थिक समृद्धिसहितको राजनीतिक स्थायित्व कायम हुन सकेन ? संविधानको अक्षरस कार्यान्वयनमा नेपालको राजनीति किन चुकिरहेको छ ? लगायतका मुलभुत प्रश्न आमनागरिकको मानसपटलमा घुमिरहेका छन् ।

## राज्य...

छ । समाजमा के हुन्छ भने संविधानमा प्रदत्त अधिकारहरु कार्यान्वयन गर्ने प्रक्रियाहरु कानुनी मान्यताका आधारमा राज्यले अगाडि बढाउनु पर्ने हो । त्यो अहिलेसम्म भएको देखिदैन । अझै पनि दलित तथा पछाडि पारिएका सिमान्तकृत वर्गका मानिसहरुले सामाजिक न्यायको अनुभुति गर्न पाएका छैनन् ।

संविधान संसोधनको विषय आवश्यकता र परिवेशका आधारमा अगाडि बढाउनु स्वाभाविक हुन्छ । तर संविधानमा भएका अधिकार कटौती गरेर गरिएको संविधान संसोधन देश र जनताका लागि मान्य हुँदैन ।

यसतर्फ सबैले ध्यान दिनु पर्छ । अर्को कुरा समर्ग उत्पिडनमा परेको वर्ग र समूदायको अधिकार कटौती गरेर गरिएको संविधान संसोधन आफैमा स्वीकार्य पनि त हुँदैन । संविधान संसोधन कुन आधारमा टेकेर गर्ने भन्ने विषयको औचित्य पुष्टि गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दालाई केन्द्रमा राखे सबैका लागि स्वीकार्य हुन्छ । संविधान संसोधनको मुद्दा अगाडि सारेका दलहरुले यसमा ध्यान दिनुपर्छ ।

## लैङ्गिक...

प्रतिशत महिला सहभागिताको सुनिश्चितता गराइनु पनि राम्रो कुरा हो । यसले महिला सहभागितामा उर्जा नै भरेको छ । तर राज्यका निकायमा ३३ प्रतिशत महिलाको सहभागिता हुने कुरा संविधानमा लेखिरहदा आज तीनै राज्य अर्थात संघ, प्रदेश र स्थानीय तहहरुमा सहभागिता सुनिश्चित हुन सक्यो या सकेन यसको समिक्षा तहमा हामी छौं । यसले हामीलाई आगामी योजना तय गर्न सघाउ पुग्नेछ । संविधान दिवसका अवसरमा सरकारी तवरबाट यस्ता विषयमा योजना बनाएर जाने अवसर पनि हो । हामी कहाँ संविधान जारी भइसकेपछि केही अपूर्णता छन् ।

जस्तो कि संघीय निकायमा महिला आयोग छ । यसलाई प्रादेशिक तहसम्म पुऱ्याउनु पर्ने हो । किन भने जब मुलुक संघीयतामा गइसकेपछि कार्यालय हटाइएको वा मर्ज गरिएको एउटा मात्रै कार्यालय छ । त्यो भनेको महिला विकास कार्यालय हो । अन्य कार्यालय जस्तै शिक्षा, स्वास्थ्य जस्ता निकायका कुनै पनि कार्यालय हटाइएको वा मर्ज गरिएको अवस्था छैन । तर महिला विकास कार्यालय हटाइयो । यसले जिल्लामा महिलाका सवाल ओझेमा परे । अर्कोतर्फ राष्ट्रिय महिला आयोगलाई प्रादेशिक तहमा विस्तार गरिएको छैन । यसलाई महिलाको हिसावले नभई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका हिसावले हेर्दा त पछाडि परेको वर्ग, लिङ्ग, समुदाय भनौ या भुगोललाई मुलधारमा प्रवाहीकरण गर्ने कुरामा केही प्रयास भएका छन् । तर यसलाई प्रर्याप्त मान्न सकिदैन ।

सरकारका हरेक बजेट लैङ्गिकमैत्री भए या भएन, कार्यान्वयको स्थिती के छ भन्ने कुरा हेऱ्यो भने कसरी अगाडि बढ्न सक्छौ भन्ने कुरा आउन सक्छ । अर्को कुरा हाम्रा प्रदेश सरकारहरु कहिलेकाँही महिलाविहिन हुन्छन् त्यो कुरा थाहा छदैछ । कानुनमा लैङ्गिकमैत्री मात्रै भएर भएन व्यवहारमा पनि लागु हुन पऱ्यो । अर्थपूर्ण सहभागिताको कुरा गरिरहदा नाम मात्रको सहभागिता पनि त हुन सकिरहेको छैन । यो भनेको राजनीतिक दल, नेतृत्वकर्ताहरुमा संविधानले अङ्गिकार गरेको लैङ्गिकमैत्री संरचनाको अपनत्व नभएको हो कि भन्ने लाग्छ । अझै पनि संविधानले ग्यारेण्टी गरेका अधिकार उपभोगमा समस्या देखिन्छ । यो राज्यले मात्रै भएको छैन यसमा जनतामा जागरको अभाव पनि छ । महिला पुरुषको सम्पत्तीमा समान हक हुने व्यवस्था संविधानमा राखेपनि आज कति छोरीहरु यसबाट पीडित छन् । यसको वास्तविक तथ्यांक राज्यसँग हुनु पऱ्यो नि ? लैङ्गिकमैत्री संरचना लैङ्गिकमैत्री नीति महिलाका लागि मात्रै चाहिएको हो त ? यो समाजको विषय पनि हो भन्ने दृष्टिकोणबाट बहस हुन जरुरी छ । मुलतः यो विषय महिलाको मात्र नभई समाज, सरकार हुँदै मानव सभ्यतासँग जोड्दै समतामुलक समाज निर्माणको बाटोमा लैजानु नै आजको आवश्यकता हो ।

## प्रदेश...

तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन समेत निर्माण गरेका छौं । संविधानले दिएको अधिकारअन्तर्गत खानी अन्वेषण, तथ्याङ्क व्यवस्थापन, भवन निर्माण कार्यलाई व्यवस्थित एवम् नियमित गर्ने, औद्योगिक व्यवसाय, प्रदेश पशु वधशाला तथा मासु जाँचसम्बन्धी, पशु स्वास्थ्य तथा पशु सेवा, मल व्यवस्थापन, दाना, बीऊ बिजन, सहकारी, आकस्मिक कोष निर्माणलगायतका सन्दर्भमा कानुन बनिसकेको छ । जिल्ला सभा तथा जिल्ला समन्वय समिति, प्रदेश प्रसारण ऐन, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधालगायतका कानुन बनेका छन् । दोस्रो सभाले पनि महत्वपूर्ण कानुनहरू निर्माण गरेको छ । प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी ऐन प्रमाणीकरण गरेर कार्यान्वयनमा छ । यसका साथै यो ऐनलाई समेत संशोधन गरेर थप व्यवस्थित बनाउन खोज्दैछौं । अनि स्थानीय सेवाको गठनसम्बन्धी विधेयक पारित भएर अघि बढेको छ । यी दुई ऐनले प्रदेश र स्थानीय तहमा देखिएको जनशक्तिको व्यवस्थापनमा ठूलो सहयोग पुग्ने आशा छ ।

**➢ प्रदेश सरकारका कतिपय 'प्रादेशिक गौरव'का आयोजना अलपत्र अवस्थामा छन् । विकास आयोजनालाई गति दिन के–कस्ता नीतिगत र संरचनागत सुधारहरू गर्दै हुनुहुन्छ ?**

प्रदेश गौरवका आयोजनालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ । प्रादेशिक गौरवका आयोजनाहरू सबै अलपत्र छैनन् । प्रदेश सरकारले पाँचवटा गौरवका आयोजनामध्ये चारवटा आयोजनालाई कार्यान्वयनमा लगेको छ । प्रदेश सरकारको आफ्नै लुम्बिनी प्राविधिक विश्वविद्यालय नेपालगञ्जमा विद्यार्थी भर्ना गरेर पठनपाठन सुरु भइसकेको छ । प्राविधिक दक्ष जनशक्ति उत्पादनमा प्रदेश सरकारले लगानी गरेको छ ।

गौरवको आयोजनाभित्र रहेको लुम्बिनी प्रदेश राजधानी कार्यान्वयनको आयोजना तीब्र रूपमा अघि बढेको छ । प्रदेशको प्रशासनिक केन्द्रभित्र नयाँ भवन निर्माणको कामको रफ्तार अनुसार आगामी एक वर्ष भित्र नयाँ भवनबाट सेवाप्रवाह सुरु हुने विश्वास गरेका छौं । मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालयको भवन बनाउने कामले गति लिएको छ । हामी निर्धारित समयमा यो कामलाई सम्पन्न गर्दैछौं ।

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलको भवन निर्माणको काम थालिसकिएको छ । आगामी पाँच वर्षभित्र प्रदेश सरकारलाई नेपालकै ठूलो अस्पतालको रूपमा प्रादेशिक अस्पताल बन्नेछ । नयाँ भवनबाट विशेषज्ञ उपचार सेवालाई प्रभावकारी रूपमा अघि बढाइने छ । यो आयोजना लुम्बिनी प्रदेशको समग्र विकासको एउटा गतिलो आधार बन्ने निश्चित छ । पाल्पा जिल्लाको रामपुर रोल्पा जिनाबाङ् सडक प्रदेशको गौरवको सडक हो र यो पाल्पाको मेरुदण्ड पनि हो । यस बीचमा पर्ने हार्थोक-छहरा सडक खण्ड र रोल्पा जिल्लाको निगालपानी-दहवन जोड्ने सडक आयोजनामा हाल त्यसको विस्तृत अध्ययन गरेर निर्माण कार्य अगाडि बढाउने गरि बजेट व्यवस्था गरिएको छ । यो आयोजना अन्तर्गत सडक निर्माणको काम अघि बढेको छ ।

**➢ दोस्रो पञ्चवर्षीय योजना पारित भएर कार्यान्वयनको चरणमा गएको अवस्था छ । उक्त योजनाले निदृष्ट गरेका लक्ष्य र योजना पूरा हुने आधार के छन् ?**

प्रदेश सरकारले निर्माण गरेको पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयन अवधि सकिएको छ । अब दोस्रो पञ्चवर्षीय योजना निर्माणको कामलाई अन्तिम रुप दिँदैछौं । पहिलो योजनाको समीक्षा गर्दै पूरा हुन नसकेका सूचकहरूको गम्भीर समीक्षा गरेका छौं । चालु आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मको अवधिका लागि आवधिक योजनाको सोच "समृद्ध लुम्बिनीः सुशासन, समता र समुन्नति" भन्ने निर्धारण गरेका छौं । यसको लक्ष्य आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाजको निर्माण गर्ने भन्ने निर्धारण गरेका छौं । प्रदेशको विकासको संवाहकको रूपमा कृषि, उद्योग र पर्यटन, मानव संशाधन विकास, उद्यमशीलता विकास र उत्पादनशील रोजगारी, हरित तथा डिजिटल अर्थतन्त्र, अन्तरप्रदेश तथा आन्तरिक अन्तर-आबद्धता, सुशासन नै हुन् । यी क्षेत्रलाई जोड दिएर प्रदेश सरकार अघि बढेको छ ।

**➢ अन्त्यमा, संविधान दिवसका, २०८१ को अवसरमा नेपाली जनता र विशेषगरी प्रदेशवासीलाई के भन्न चाहनुहुन्छ ?**

वर्तमान संविधानले सामन्ति, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुलवादी, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरेको छ । विविधताबीच एकता, सामाजिक सांस्कृतिक सहिष्णुता र सद्भावलाई प्रवर्द्धन गर्न संविधानले महत्वपूर्ण भूमिका खेलेको छ । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प संविधानले गरेको छ । संविधानको यही मर्मका आधारमा लुम्बिनी प्रदेश सरकारले आफ्ना भूमिकालाई प्रभावकारी बनाइरहेको छ ।

सङ्घीयताको मर्मअनुरुप प्रदेश सरकारले आफ्नो कामलाई थप सुदृढ र जनमुखी बनाउँदै गएको छ । सुशासन, सामाजिक न्याय र जनमुखी विकासको माध्यमबाट समृद्ध लुम्बिनी प्रदेश बनाउन सरकार प्रतिबद्ध छ । संविधान दिवसले हामीलाई एकतामा बाँध्न, सहकार्य गर्न, र नेपालको समृद्ध भविष्य निर्माण गर्न प्रेरित गर्ने कुरामा हामी बिश्वस्त छौं । अन्तमा संविधान दिवसको अवसरमा लुम्बिनी प्रदेशबासी लगायत सबै नेपालीमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा पूरा गर्न 'समृद्ध लुम्बिनी-आत्मनिर्भर प्रदेश' को महाअभियान थालेको सबैमा जानकारी गराउँछु ।

**गुर्भाकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव आव्हान सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०१**

यस नगरपालिकाको विभिन्न वडा तथा सार्वजनिक स्थलहरुको फोहोर संकलन, ढुवानी तथा व्यवस्थापन गर्नुपर्ने हुँदा यस नगरपालिकाको आर्थिक ऐन, २०८१ र फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० बमोजिम इच्छुक व्यक्ति तथा व्यवसायिक फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित (व्यावसायिक फमको हकमा दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि) तपसिलका शर्तानुसार फोहरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी कार्यसूचीको अनुसूची १ बमोजिम प्रस्ताव पेश गर्न हुन इच्छुक सबैलाई अनुरोध छ ।

| क्र. स. | कार्य विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | यस नगरपालिकाको सार्वजनिक क्षेत्र र वडा नं २, ४, ६, ७, ८, ९, १०, १२, १३ र १४ भित्र फोहोरमैला संकलन, ढुवानी र व्यवस्थापन । | रु. १००० (एक हजार) | |

**शर्त**

१. प्रस्तावमा दररेट भर्दा अंक र अक्षरमा दुबैमा उल्लेख गर्नुपर्दछ। अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।
२. रितपूर्वक पेश नभएको म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश गरेको प्रस्तावहरुलाई मान्यता दिइनेछैन ।
३. प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।
४. प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुपर्ने र १६ औ दिनको २ बजे रितपूर्वक दर्ता हुन आएका प्रस्तावपत्र प्रतिनिधिहरुको रोहवरमा (प्रतिनिधि उपस्थिति नभएको अवस्थामा पनि) यस कार्यालयमा खोलिनेछ ।
५. सूचनामा उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।
६. दरभाउ दस्तुर रु १००० यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक मेहेलकुना शाखामा रहेको कार्यालयको खाता नं ४४८०१००३०४०१०००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयको राजश्व शाखाबाट प्राप्त भौचर प्रस्तावपत्रमा समावेश भएको हुनपर्नेछ ।
७. यस सम्बन्धी थप जानकारीको लागि गुर्भाकोट नगरपालिकाको वेभसाईट www.gurbhakotmun.gov.np बाट लिन सकिनेछ । वा सम्पर्क नम्बर ९८५८०६५१११,९८५७८५५५५६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**पूर्ण बहादुर खत्री**
**प्रमुख प्रशासकीय**

## राज्यले...

अधिकार न हामीले पाएका छौं न राज्य यसमा गम्भिर छ ।

राज्यसँग हाम्रो अपेक्षा भनेकै नागरिकता, रोजगारी, समलिङ्गी विवाहको कानुनी मान्यता हो । हामी पनि रोजगारी गर्न सक्छौं । यसमा राज्यले आरक्षणको व्यवस्था गरिदिएको भए हुन्थ्यो जस्तो लाग्छ । संविधानले हाम्रा हक अधिकार सुरक्षित गरेको भए पनि राज्यले हामीलाई नागरिकको रुपमा हेरेको छैन ।

# नेप्से परिसूचक चार अंकले घट्यो

**युग संवाददाता**
**काठमाडौं, २ असोज ।**

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार चार अंकले घटेर दुई हजार पाँच सय ७६ दशमलव ७६ विन्दुमा झरेको छ । बुधबार नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । बुधबार एक करोड ३९ लाख कित्ता शेयर पाँच अर्ब ६६ करोड रुपैयाँमा कारोबार भएको छ । बुधबार बैंकिङ र निर्जीवन बीमा बाहेक सबै समूहको शेयर घटेकोमा फाइनान्स, उत्पादन, माइक्रोफाइनान्स समूहको शेयर उच्च अंकले घटेको छ ।

बुधबार जनउत्थान सामुदायिक लघुवित्त कम्पनीको शेयर सात प्रतिशतभन्दा धैरैले घटेको छ । बजार सामान्य घटेको दिन कालिका लघुवित्त र स्वरोजगार लघुवित्त कम्पनीको शेयर भने आठ प्रतिशतभन्दा धैरैले बढेको छ । सबैभन्दा धैरै सीईडीबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको २० करोड रुपैयाँभन्दा धैरैको शेयर किनबेच भएको छ ।

## यस्तै...

कतिपय अवस्थामा संविधानले राम्रै कुरा ल्यायो कि भन्ने लागेको थियो । तर अहिले समिक्षा गर्दा संविधानत नराख्नु पर्ने कुरा पनि त्यसमा राखियो ।

नेपाल जस्तो सानो मुलुकमा उपराष्ट्रपति आवश्यक छैन । उपराष्ट्रपतिलाई बाह्य मुलुकको अभ्यास अुनसार राष्ट्रियसभाको अध्यक्ष राखे पनि हुन्छ । यो छुट्टै चाहिदैन । अर्कोतर्फ देशमा भ्रष्टाचार घट्दै जानुको साटो बढ्दै गएको अवस्था छ । यसको प्रमुख काणर संसदबाट मन्त्री बनाउने परिपाटी नै हो । सत्तामा रहेका प्रधानमन्त्रीप्रति मात्रै बफादार हुने अरुप्रति नहुने पद्धतीको सुरुवात भयो यसले बेथितीलाई बढवा दियो । यसैले यो संसदबाट मन्त्री बनाउने व्यवस्था हटाउन पर्दछ । यसमा प्रधानमन्त्रीले जहाँबाट जो व्यक्ति ल्याउन चाहन्छ ल्याउन सक्ने अवस्था आए यो व्यवस्था टिक्ला । अर्को कुरा तीन तहका सरकार भनेको छ । केन्द्र सरकारले प्रदेश सरकारलाई निर्देशन गर्न सक्ला तर स्थानीय सरकारलाई नियमन गर्ने निकाय नै छैन । यसको अनुगमन गर्ने संयत्र तथा मूल्यांकन गर्ने परिपाटी पनि छैन ।

अनि यस्तो छाडा ढङ्गले सरकारहरुलाई छाड्ने हो भने यसले आकर्षण होइन विकर्षण मात्रै जन्माउछ । १० वर्ष प्रवेश गर्ने बेलामा यो संविधानको पनि समिक्षा गर्नु पर्दछ । अहिले हामीकहाँ समानुपातिकका नाममा जुन दुरुपयोग भइरहेको छ यसलाई सबैले मान्ने खालको सिद्धान्त प्रतिवादन गरेर संविधानमा भित्र्याउन पर्छ । होइन भने या त यो पद्धति नै फाल्न पर्छ होइन भने तुरुत सोच्ने बेला आइसकेको छ । पद्धति जनता र मुलुकको हितमा हुने हो । अन्यथा मुलुकलाई हित नगर्ने खालको पद्धतिको अभ्यास गरिनु आफैमा घातक हुन्छ ।

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/३**

यस कोपिला भ्याली स्कूल अन्तर्गत रिक्त रहेका तपशिलका पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति हुने भएकाले आवश्यक योग्यता पुगेका सवल नेपाली उम्मेदवारले तपशिलको ठेगानामा सूचना प्रकाशनको मितिले ७ (सात) दिन भित्र आफ्नो आवेदन पेश गर्न हुने अनुरोध गरिन्छ ।

| क्र. सं | विवरण/पद | कार्यस्थान | पद संख्या | आवश्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यालय सहयोगी | KVS | १ (एक) | ४० वर्ष पुरा नभएको, कक्षा ८ उत्तिर्ण गरेको, कार्य अनुभव भएकोलाई प्राथमिकता दिइनेछ । | महिला मात्र |

**आवश्यक कागजातहरु :**

१. Biodata (CV) र हस्त लिखित आवेदन पेश सम्बन्धि निवेदन ।
२. शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि ।
३. नागरिताको प्रतिलिपि ।
४. २ प्रती पासपोर्ट साइजको फोटो ।
५. कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।
६. पान कार्ड

विस्तृत जानकारीको लागि
**कोपिला भ्याली स्कूल**
**मानव संसाधन विभाग**
फोन नं. ९८०२५६५१०८

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री वसन्त राम बुढा धनी रहेको, दर्ता नम्बर २९७३/०७३/०७४ बाट वी.न.नपा-१७ (हाल वी.न.नपा-०९), सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री आमा वित्तल गहना उद्योग नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN **कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्यूशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)


## लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका विरामीहरु केहि समय यता बढिरहेकाले रोकथामका उपायहरु अपनाउन अनुरोध गरिन्छ ।

**डेंगी रोगका लक्षणहरुः**



- एक्कासि ज्वरो आउने ।
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने ।
- थकान महसुस हुने ।
- वाकवाकी लाग्ने वा बान्ता हुने ।
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रुचि नलाग्ने ।
- यी लक्षणहरू देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।

**डेंगी रोगको रोकथामका उपायहरुः**


- पुरा बाहुला भएको लुगा लगाउने ।
- झुल भित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने ।
- पानी जम्मा गर्ने भााडालाई लामखुट्टेछिर्न नसक्ने गरी छोप्ने ।
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर निस्कदा वा पार्कमा जाँदा र बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।

**वीरेन्द्रनगर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**जनस्वास्थ्य शाखा, सुर्खेत**


## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१





**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।